# पात्रको शैलीवैज्ञानिक वर्गीकरण - सन्दर्भमा 'शरण'कथा

- **आयुष तामाङ**
नेपाली विभाग, उत्तर बङ्ग विश्वविद्यालय

**सार** - प्रस्तुत शोधपत्रमा सूर्यविक्रम ज्ञवालीका सम्पादनमा प्रकाशित **कथा-कुसुम** (इ सं २०००) कथा सङ्ग्रहमा सङ्ग्रहित बालकृष्ण समको कथा 'शरण'मा प्रयुक्त पात्रहरूको शैलीवैज्ञानिक वर्गीकरण गरिएको छ। मोहनराज शर्माले आफ्नो पुस्तक **शैलीविज्ञान** (वि सं २०४८)-मा लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवन चेतना, आसन्नता र आबद्धता जस्ता आधार अनुरूप वर्गीकरण गर्दा आख्यानात्मक कृतिका पात्र वा पात्राहरूको स्पष्ट पहिचान हुने मान्दै यी आधार अनुरूप नै रूपनारायण सिंहको प्रसिद्ध उपन्यास **भ्रमर**मा पाइने पात्रहरूको शैलीवैज्ञानिक वर्गीकरण गरेका छन्। यस लेखमा मोहनराज शर्माद्वारा प्रस्तुत पात्रको शैलीवैज्ञानिक वर्गीकरणका यी सातवटा आधार अनुरूप नै 'शरण' कथाका पात्रहरूलाई वर्गीकरण गर्दै कथाकार समको पात्र-चयन तथा चरित्रचित्रणसम्बन्धी विशेषताहरू चिनाउने प्रयास गरिएको छ। यस लेखमा पात्रका अर्थ, परिचय, प्रकार आदिको जानकारीका निम्ति आवश्यकता अनुसार घनश्याम नेपालको **आख्यानका कुरा** (इ सं २००५) नामक पुस्तकलाई पनि आधार स्वरूप ग्रहण गरिएको छ।

**बीज शब्द -** पात्र, शैलीवैज्ञानिक, वर्गीकरण, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता, आबद्धता।

## १ परिचय

बालकृष्ण सम एकजना प्रमुख नेपाली साहित्यकार हुन्। नेपाली साहित्यका क्षेत्रमा विशेष गरी एकजना प्रमुख नाटककारका रूपमा प्रसिद्ध भए तापनि यिनी एकजना असल कथाकार पनि हुन्। यिनको असल कथाकारिताको राम्रो उदाहरण 'शरण' कथालाई मान्न सकिन्छ। यो एउटा सामाजिक कथा हो। यो कथा सन्तानका रूपमा छोरालाई उच्च स्थान दिने तर छोरीलाई सन्तान नै होइन झैँ गरिने, पुरुषद्वारा बहुविवाह गरिने आदि तात्कालीन सामाजिक प्रवृत्तिका चपेटमा परी एउटी निर्दोष नारीले पोखरीमा हाम फाली आत्महत्या गर्नु परेको कारुणिक कथावस्तुमा आधारित छ। यो बहुपात्रको उपस्थित रहेको कथा हो। प्रमुख पात्रा सानीको जीवन परिधिभित्र समेटिएको कथा भए तापनि यसमा घटनालाई अघि बढाउन रघुवीर, बलवीर खत्री, खत्रिनी, पट्टु, बाहुनी आदि गरी लगभग १७ जना अन्य पात्रहरू पनि प्रयोग गरिएका छन्। यस कथामा पुरुष, स्त्री, प्रमुख, सहायक, गौण, अनुकूल, प्रतिकूल, गतिशील, गतिहीन, वर्गगत, मञ्चीय, नेपथ्य, बद्ध, मुक्त आदि प्रकारका पात्रहरूको प्रयोग पाइन्छ। त्यसर्थ प्रस्तुत लेखमा यस कथामा प्रयुक्त पात्रहरूको शैलीवैज्ञानिक वर्गीकरण गरी तिनीहरूको स्पष्ट पहिचान दिने तथा कथाकारको चरित्र चित्रण सम्बन्धी विशेषताहरू चिनाउने प्रयास गरिएको छ। यसरी गरिएको पात्रहरूको शैलीवैज्ञानिक वर्गीकरणबाट कथामा पात्रहरूको भूमिकाबारे पनि जानकारी प्राप्त गर्न सकिन्छ। यस लेखमा अध्ययनका निम्ति पाठका रूपमा इ सं २०००-मा प्रकाशित **कथाकुसुम** कथा सङ्ग्रहको अठारौँ संस्करणबाट 'शरण' कथालाई लिइएको छ।

## २ सैद्धान्तिक अवधारणा

### २.१ पात्रको अर्थ र परिचय

प्राय: आख्यान वा कथामा मानव जीवनकै विविध घटनाहरूको अभिव्यक्ति पाइने भएकाले त्यस कथामा पात्रका रूपमा मानव छविलाई प्रमुख रूपमा पाइनु स्वाभाविक हो। यद्यपि पात्र भन्नाले केवल मानिस मात्र हुन्छ वा हुनु पर्छ भन्ने चाहिँ होइन। पात्र भनेको त्यो तत्त्व हो जसका माध्यमद्वारा आख्यान वा कथामा घटनाहरू हुन्छन् र विकसित बन्दछन् (नेपाल, इ सं २००५, पृ-५१)। त्यसर्थ कुनै कथाको पात्र भन्नाले त्यस कथाका घटनाहरूलाई अघि बढाउने वा विकसित गराउने मानवीय छवि, मानवेतर कुनै पदार्थ वा कुनै तत्त्व जे पनि हुन सक्छ। पात्र आख्यान वा कथाको एउटा अति आवश्यक तत्त्व हो।

### २.२ पात्रको शैलीवैज्ञानिक वर्गीकरणका आधार र पात्रका प्रकार

प्राय: आख्यान वा कथामा एकभन्दा अधिक पात्रहरूको उपस्थिति पाइन्छ। ती पात्रहरूलाई कथाकारले आवश्यकता अनुसार भिन्न भिन्न रूप र विशेषता प्रदान गरी कथामा स्थान दिएका हुन्छन्। आख्यान वा कथाका ती पात्रहरूको सही पहिचान गर्न तथा तिनका बुनोटको भिन्नता बुझ्नाका निम्ति पात्र वर्गीकरणले ठुलो सघाउ पुऱ्याउँछ (शर्मा, वि सं २०४८, पृ-१७३)। त्यसर्थ कुनै आख्यानात्मक कृति वा कथामा प्रयुक्त पात्रहरूको वैयक्तिक एवम् चारित्रिक वैशिष्ट्यको मूल्याङ्कन गर्नाका निम्ति ती पात्रहरूको शैलीवैज्ञानिक वर्गीकरण गर्नु पर्ने हुन्छ। निम्न लिखित आधार अनुसार वर्गीकरण गरी साहित्यिक कृतिका पात्र वा पात्राहरूको स्पष्ट परिचय दिन सकिन्छ-

#### २.२.१ लिङ्ग

लिङ्ग भनेको कुनै पात्रको शारीरिक जात छुट्ट्याउने आधार हो। यस आधारबाट हेर्दा पात्रहरू मूल रूपमा दुईवटा वर्गका हुन्छन्- पुलिङ्ग र स्त्रीलिङ्ग। यद्यपि अहिलेको हाम्रा समाजमा तेस्रो वा अन्य लिङ्गी व्यक्तिहरूको पनि उपस्थिति रहेको पाउन सकिन्छ। साहित्यलाई समाजको दर्पण मानिने कारण वर्तमान समयको साहित्यिक कृतिहरूमा पनि तेस्रो वा अन्य लिङ्गी पात्रहरूको उपस्थिति पाउन सकिने सम्भावना उत्तिकै छ। वर्तमानको नेपाली कथा साहित्यमा पनि त्यस्ता पात्रहरूको प्रयोग पाउन सकिने सम्भावना छ। यद्यपि यस लेखमा अध्ययन गरिने कथामा केवल पुलिङ्गी र स्त्रीलिङ्गी पात्रहरूको मात्र उपस्थिति रहेकाले यहाँ लिङ्गका आधारमा पात्रका दुईवटा रूपको मात्र चर्चा गरिएको छ। कथा वा साहित्यिक कृतिमा प्रयुक्त कतिपय पात्रहरूको लिङ्ग निर्धारण गर्न पात्रहरूको पुलिङ्गी र स्त्रीलिङ्गी नामकरणले विशेष कार्य गर्दछ। जस्तै–'राम' नामले उक्त पात्र पुलिङ्गी र 'सीता' नामले स्त्रीलिङ्गी पात्र भनी पात्रहरूको लिङ्ग निर्धारण गर्न सकिन्छ।

#### २.२.२ कार्य

साधारणत: कार्य भनेको काम हो। आख्यान वा कथामा सबै पात्रले समान कार्य वा समान महत्त्वका कार्य गर्दैनन्। एउटा पात्रका तुलनामा अर्का पात्रले केही थोरै महत्त्व र अर्का पात्रका तुलनामा अझ अर्का पात्रले अझ थोरै महत्त्वको कार्य गर्न सक्छ। त्यसर्थ कार्य वा कार्य मूल्यको महत्त्वका आधारमा पात्रहरू तीन वर्गका हुन्छन्- (क) प्रमुख, (ख) सहायक र (ग) गौण। सबभन्दा बढी कार्य वा धेर मूल्यको कार्य गर्ने पात्र प्रमुख, त्यसभन्दा केही कम मूल्यको कार्य गर्ने पात्र सहायक र त्यसभन्दा पनि अझ कम मूल्यको कार्य गर्ने पात्र गौण वर्गको हुन्छ। आख्यानात्मक कृतिमा जुन पात्रको नाम वा सर्वनामको पुनरावृत्ति सबभन्दा धेर हुन्छ त्यो प्रमुख पात्र, जुन नाम वा सर्वनामको पुनरावृत्ति त्यसभन्दा कम हुन्छ त्यो सहायक पात्र र जुन नाम वा सर्वनामको पुनरावृत्ति त्यसभन्दा पनि कम हुन्छ त्यो गौण पात्र हुन्छ (शर्मा, वि सं २०४८, पृ-१७४)। त्यसर्थ कुनै पात्रका नाम वा सर्वनामको धेरै वा थोरैपटक हुने पुनरावृत्तिका आधारमा पनि

कुनै कृतिका पात्रहरूको कार्यगत मूल्य निर्धारण गरी तिनलाई प्रमुख, सहायक र गौणजस्ता प्रकारमा वर्गीकृत गर्न सकिन्छ।

**२.२.३ प्रवृत्ति**

प्रवृत्ति भन्नाले कुनै कार्य, लक्ष्य, वस्तु वा लतप्रतिको मानसिक झुकाउ, मनको लगन, चालचलन, आनीबानी आदि बुझिन्छ (पराजुली तथा अन्य, वि सं २०४०, पृ-८८३,८८४)। आख्यान वा कथाका कुन पात्रले राम्रो या नराम्रो कस्तो काम गर्छ, उसको आनीबानी राम्रो वा नराम्रो कस्तो छ? भन्ने कुराले त्यस पात्रको प्रवृत्तिको परिचय दिँदछ। त्यसर्थ यस आधारमा पात्रलाई मूल रूपमा दुईवटा वर्गमा विभाजन गर्न सकिन्छ- (क) अनुकूल र (ख) प्रतिकूल। सामान्यत: राम्रो काम गर्ने वा राम्रो गुण भएको पात्रलाई अनुकूल तथा यस विपरीत गुण भएको पात्रलाई प्रतिकूल पात्र भन्न सकिन्छ। अनुकूल पात्रमा खलत्व हुँदैन र प्रतिकूल पात्रमा खलत्व हुन्छ। आख्यान वा कथामा अनुकूल पात्रका निम्ति सकारात्मक भाव भएका शब्दहरूको र प्रतिकूल पात्रका निम्ति नकारात्मक भाव भएका शब्दहरूको प्रयोग धेर गरिएको हुन्छ (शर्मा, वि सं २०४८, पृ-१७४)। त्यसर्थ कुनै कृतिमा पात्रका निम्ति प्रयुक्त यस्ता सकारात्मक तथा नकारात्मक भाव भएका शब्दहरूका आधारमा कुन पात्र अनुकूल र कुन पात्र प्रतिकूल प्रवृत्तिको छ भन्ने कुराको निर्धारण गर्न सकिन्छ।

**२.२.४ स्वभाव**

स्वभावको सामान्य अर्थ आफू हुनाको भाव वा गुण भन्ने हुन्छ। मानव-समाजमा कुनै व्यक्ति जीवनमा आइपर्ने विविध परिस्थिति अनुरूप आफ्नो स्वभाव पनि परिवर्तन गर्ने तथा कुनै व्यक्ति जीवनमा आइपर्ने जुनसुकै परिस्थितिमा पनि आफ्नो मूल स्वभाव परिवर्तन नगर्ने प्रकारका हुन्छन्। यसै गरी आख्यान वा कथाका पात्रहरूमा पनि कोही बद्लिँदो परिस्थितिसँगै आफ्नो स्वभाव बद्लिने तथा कोही चाहिँ जुनसुकै परिस्थितिमा पनि आफ्नो मूल स्वभाव नबद्लिने खाले हुन्छन्। त्यसर्थ परिवर्तित स्थितिसँगै पात्रका स्वभावमा पनि परिवर्तन देखा पर्ने वा नपर्ने आधारमा पात्रका दुईवटा वर्ग हुन्छन्- (क) गतिशील र (ख) गतिहीन। बदलिँदो स्थितिअनुरूप आफ्नो स्वभावमा परिवर्तन ल्याउने पात्रलाई गतिशील तथा स्वभावमा परिवर्तन नल्याउने वा सधैँ एकनासे स्वभाव राख्ने पात्रलाई गतिहीन पात्र भनिन्छ। गतिशील पात्रका रूप छवि प्राय: आमा, बाबु, प्रेमी, त्यागी, रक्षक आदि क्रमागत तथा गतिहीन पात्रका रूप छवि प्राय: अबला, नारी, दरिद्र, गरिब आदि वर्गात्मक शब्दसमूहद्वारा निर्माण गरिएको हुन्छ (शर्मा, वि सं २०४८, पृ-१७५)। त्यसर्थ कुनै कृतिमा पात्रका निम्ति प्रयुक्त यस्ता क्रमागत तथा वर्गात्मक शब्दहरूका आधारमा कुन पात्र गतिशील र कुन पात्र गतिहीन स्वभावको छ भन्ने कुराको निर्धारण गर्न सकिन्छ।

**२.२.५ जीवन चेतना**

आख्यान वा कथामा प्रयुक्त पात्रहरूले वर्गीय वा व्यक्तिगत कस्तो जीवनको प्रतिनिधित्व गरेका छन् भन्ने कुरो खुट्ट्याउने आधार हो जीवन चेतना। यस आधारमा पात्रहरूलाई मूल रूपमा दुईवटा वर्गमा छुट्ट्याएर हेर्न सकिन्छ- (क) वर्गगत र (ख) व्यक्तिगत। कुनै सामाजिक वर्गको प्रतिनिधित्व गर्ने पात्रलाई वर्गगत तथा आफ्नै मात्र प्रतिनिधित्व गर्ने पात्रलाई व्यक्तिगत पात्र भनिन्छ। कथामा प्रयुक्त विशेषक र अन्य शब्दावलीका आधारमा यी दुईवटा वर्ग छुट्ट्याउन सकिन्छ (शर्मा, वि सं २०४८, पृ-१७५)।

### २.२.६ आसन्नता

आसन्नता भन्नाले उपस्थिति भन्ने बुझिन्छ। त्यसर्थ आख्यान वा कथामा कुन पात्र परोक्ष रूपमा तथा कुन पात्र प्रत्यक्ष रूपमा उपस्थित छन् भन्ने आधारमा पात्रहरू दुई वर्गका हुन्छन्- (क) नेपथ्य पात्र र (ख) मञ्चीय पात्र। नेपथ्य पात्र भन्नाले त्यस्तो पात्र बुझिन्छ जसको कथामा केवल परोक्ष वर्णन वा उपस्थिति रहन्छ। यसको ठिक विपरीत मञ्चीय पात्र भनेको त्यो पात्र हो जसको कथामा प्रत्यक्ष उपस्थिति हुन्छ वा जसले प्रत्यक्ष रूपमा कार्य गर्दछ। मोहनराज शर्मा अनुसार- "कृतिको काल-मापदण्डमा मञ्चीय पात्रहरू वर्तमान विन्दुमा हुन्छन् भने नेपथ्य पात्रहरू सो विन्दुभन्दा पूर्ववर्ती कालमा स्थित हुन्छन्" (शर्मा, वि सं २०४८, पृ-१७५)। आसन्नताका आधारबाट कृतिमा प्रयुक्त पात्रहरूमध्ये कुन कुन प्रत्यक्ष रूपमा कार्य गर्ने सक्रिय पात्र हुन् तथा कुन कुन परोक्ष रूपमा कार्य गर्ने वर्णित पात्र हुन् भन्ने कुराको निर्धारण गर्न सकिन्छ।

### २.२.७ आबद्धता

आबद्धता भन्नाले बन्धनमा परेको वा बाँधिएको भन्ने बुझिन्छ। त्यसर्थ कुन पात्र कृतिको पर्याधारमा रहेका सन्दर्भहरूमा बाँधिएर मात्र सार्थक हुन्छ र कुन पात्र सो पर्याधारबाट स्वतन्त्र रहेर पनि सार्थक हुन्छ भन्ने आधारमा पात्रहरू मूल रूपमा दुई वर्गका हुन्छन्- (क) बद्ध पात्र र (ख) मुक्त पात्र। बद्ध पात्र भनेको बाँधिएको पात्र हो जसलाई झिक्दा कृतिको संरचना भत्किन्छ तर मुक्त पात्र भनेको स्वतन्त्र पात्र हो जसलाई झिक्दा पनि संरचनामा कुनै खास फरक पर्दैन (शर्मा, वि सं २०४८, पृ-१७६)। त्यसर्थ यस आधारबाट बद्ध पात्र र मुक्त पात्रका रूपमा कृतिमा प्रयुक्त पात्रहरूमध्ये कुन कुन अनिवार्य वा बद्ध पात्र तथा कुन कुन नभए पनि हुने वा मुक्त पात्र हुन् भन्ने कुराको निर्धारण गर्न सकिन्छ।

माथि उल्लिखित पात्रको शैलीवैज्ञानिक वर्गीकरण गर्ने आधार र तिनका आधारमा आख्यानका पात्रहरूको प्रकारलाई तालिकाका माध्यमबाट यसरी बुझ्न सकिन्छ-

तालिका १ – पात्रहरूको शैली वैज्ञानिक वर्गीकरण

| क्रम सं | आधार | पात्रका प्रकार | | |
|---|---|---|---|---|
| १ | लिङ्ग | स्त्री | पुरुष | |
| २ | कार्य | प्रमुख | सहायक | गौण |
| ३ | प्रवृत्ति | अनुकूल | प्रतिकूल | |
| ४ | स्वभाव | गतिशील | गतिहीन | |
| ५ | जीवन चेतना | वर्गगत | व्यक्तिगत | |
| ६ | आसन्नता | नेपथ्य | मञ्चीय | |
| ७ | आबद्धता | बद्ध | मुक्त | |

## ३ 'शरण' कथाका पात्रहरूको शैली वैज्ञानिक वर्गीकरण

बालकृष्ण समको 'शरण' कथामा एकाधिक पात्रहरूको प्रयोग पाइन्छ। समले यस कथामा साना ठुला गरी जम्मा १८ जना पात्रहरूलाई यस कथामा व्यवस्थित गरेका छन्। यस कथाका संरचनामा पाइने १८ जना पात्रमध्ये १३ जना पात्रहरूलाई विभिन्नताका आधारमा चयन गरी अध्ययन गरिने प्रयास यहाँ गरिएको छ। त्यसर्थ कथाका ती पात्रहरूलाई पात्रको शैलीवैज्ञानिक वर्गीकरणका आधारमा वर्गीकरण गरी तल तालिकाबद्ध गरिएको छ–

तालिका २. 'शरण' कथामा प्रयुक्त पात्रहरूको शैली वैज्ञानिक वर्गीकरण

| क्रम सं | आधार | १ | | २ | | | ३ | | ४ | | ५ | | ६ | | ७ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पात्र | क | ख | क | ख | ग | क | ख | क | ख | क | ख | क | ख | क | ख |
| १ | सानीवा दुलही | | + | + | | | + | | | + | + | | | + | + | |
| २ | रघुवीर | + | | | + | | | + | + | | + | | | + | + | |
| ३ | बलवीर खत्री | + | | | + | | + | | | + | + | | | + | + | |
| ४ | खत्रिनी | | + | | + | | | + | + | | + | | | + | + | |
| ५ | पट्ठु | | + | | + | | + | | - | - | + | | | + | + | |
| ६ | सीता बज्यै/ बाहुनी | | + | | + | | + | | - | - | + | | | + | + | |
| ७ | सुनचरी | | + | | + | | + | | - | - | + | | | + | + | |
| ८ | माहिली छोरी | | + | | | + | + | | - | - | + | | | + | + | |
| ९ | नोकर्नी | | + | | | + | - | - | - | - | - | - | | + | + | |
| १० | कान्छी दुलही | | + | | | + | - | - | - | - | - | - | | + | + | |
| ११ | बाहुनीको देवर | + | | | | + | - | - | - | - | - | - | | + | + | |
| १२ | बाहुनीको खसम | + | | | | + | - | - | - | - | - | - | + | | + | |
| १३ | सयस | + | | | | + | - | - | - | - | - | - | | + | | + |

['+' ले 'हो' अर्थात् पात्रमा त्यो गुणको उपस्थिति जनाउँछ भने '-'ले पाठमा नखुलाइएको चरित्र भन्ने बुझाउँछ।]

पात्र वर्गीकरणबारे माथिको तालिकाले 'शरण' कथाका १३ जना पात्रहरूमाझ रहेको समानता एवम् भिन्नता साथै तिनीहरूको कथागत परिचय एवम् मूल्य स्पष्ट पारेको छ। यस तालिकाबाट प्राप्त तथ्यका सहायताबाट पात्रहरूको सूक्ष्म विश्लेषण गर्दै कथाकारको चरित्र चित्रणका विशेषताको पनि विश्लेषण गर्न सकिन्छ। यस तालिकाबाट प्राप्त तथ्यबाट पात्रहरूको सही पहिचान र कथाकारको चरित्र चित्रण सम्बन्धी पद्धति र विशेषताहरूको वस्तुगत चित्रण प्रस्तुत गर्न यस पाठबाट तथ्याङ्क ग्रहण गरी तिनको विश्लेषण गर्नु पर्ने हुन्छ। त्यसर्थ पात्र वर्गीकरणका तालिकाका सन्दर्भमा पाठबाट ग्रहण गरिएका तथ्याङ्क र तिनको विश्लेषण तल प्रस्तुत गरिएको छ।

### ३.१ पाठगत तथ्याङ्क

माथि उल्लेखित पात्र वर्गीकरणको तालिकाका सन्दर्भमा **कथाकुसुम**मा सङ्कलित 'शरण' कथाबाट ग्रहण गरिएका केही तथ्याङ्कहरू तल प्रस्तुत गरिएको छ। तल प्रस्तुत छड्के रेखा (/) भन्दा अघिको सङ्केताङ्कले पात्रको तालिकागत क्रम सङ्ख्या र सो रेखाभन्दा पछिका सङ्केताङ्कले पात्र वर्गीकरणको आधार तथा 'क', 'ख' जस्ता वर्णहरूले प्रकार जनाउँछ, जस्तै, १/१ ख = सानी/स्त्री

तालिका ३. 'शरण' कथाबाट प्राप्त तथ्याङ्क

| तालिका-सन्दर्भ | पाठगत तथ्याङ्क | पृष्ठ |
|---|---|---|
| १/२ क | (क)पशुपतिनाथका ससुरा हिमालय पर्वतको पवित्र काखमा मानूँ दोस्री पार्वतीकोजन्म भएको थियो। उनको नाम सानी राखेका थिए।<br>(ख) कथामा सानीको लगभग १३० पल्ट जति सानी, दुलही, स्वास्नी, बुहारी, भाउज्यू, आमा, जेठी दुलही आदिनाममा र ऊ, उसको, उसले, उनी जस्ता सार्वनामिक पदका रूपमा पुनरावृत्तिभएको पाइन्छ।<br>(ग) 'शरण, शरण' भन्दै चिच्याउँदै कहाल्लिएर पानीभित्र घुस्री! | ३<br>३-२४<br>२४ |

| | | |
|---|---|---|
| १/५ क | (क) यसरी लोग्ने मानिसहरू स्वास्नीलाई जित्छन्। यसरी स्वास्नी मानिसहरूलोग्नेसित हार्दछन्।<br>(ख) पिल्पिले बत्तीको उज्यालोमा उसले आफ्नो छाती हेरी। कुल्फी जमिसकेछ, तुना कसेर बाँधी- 'खै अबलाको कमजोरी ढुक्ढुक्?' | १५<br>२० |
| २/४ क | (क) छोरोचाहिँ सियालमा सुकुलमा बसेर दुलहीको गुटमुठ्याएको खास्टोमा कुहिना अड्याई देब्रे हातले बाख्रा चालिरहेको छ। दुलहीको खेलबाट जगेरा रहेको बायाँ हातलाई रघुवीर आफ्नो दायाँ हातले अलि साहोसित समातिराखेको छ।<br>(ख) त्यो रात स्वास्नीको छातीमा सिरान गरेर रूँदा रूँदा रघुवीर निदायो।<br>(ग) अस्ति दुलहीले धेरै ठाकठाक ठुकठुकपछि पोइलाई 'बेइमान' भनी। रघुवीरले 'बेइमान भने बेइमान सही' भनेको थियो।<br>(घ) रघुवीरले जेठी दुलहीलाई बौलाही भनी ठान्यो।<br>(ङ) बेलुकी रघुवीर र कान्छी दुलहीले खाने ठाउँमा जेठी दुलहीले एक एक ओटा कचौरा लगेर राखिदिई...। मुखामुख गरी दिगमिग दिगमिग मानेर दुवैले खाए। | ५-६<br>१५<br>१६<br>१८<br>२१ |
| ३/४ ख | (क) "बलवीर- नाक त काटीकुटी मेरै होइन? हेर?<br>पट्टू- खै, कसरी? तपाईंको त्यति अग्लो छ, भदैको त्यस्तो नेप्टो।<br>बलवीर- पछि त उठिहाल्छ नि. यो दुधे गालाले पो यस्तो नेप्टो जस्तो भएको, हेर न फोहोरा!"<br>(ख) खत्रीनातिनीलाई काँधमा घोड़ा चढ़ाएर भित्र पसे।<br>(ग) "खत्री- भएन भने के त अर्को बिहा गर्ने?<br>खत्रिनी- नगरेर हुन्छ त?<br>खत्री- दुइटी छोरी भएर के हुन्छ?"<br>(घ) बाज्ये नातिनी दुवै बितेको वेला सम्झेर अङ्कमाल गरी निचोरिएका निबुवा जस्तै सहस्र धारा बहाएर रोए। | ६<br>८<br>९-१०<br>२०-२१ |
| ४/३ ख | (क) उनीलाई रनक्क रिस उठ्यो...<br>(ख) खत्रिनी सुनेको नसुन्यै गरेर कति बेरसम्म कानमा तेल हालेर बसिरहिन्। फेरि बुहारीले सोधी- 'तेल ल्याऊँ?' अनि बुढ़ी च्याँट्टिन्- 'तेल लाउने बुहारीले बिहानै लाइदिनुपर्थ्यो।' दुलहीले भने –'बिहान पर्खी भन्नुभयो।' खत्रिनी झन् रिसाएर भनिन्- 'ए बिहान त मैले पर्खी भनेछु, अँ यत्रो छत्तीस मासको दिन कता गयो?'<br>(ग) आजसम्म उसको प्रश्न थियो- स्त्रीजातिको यो दुर्दशा गराउने को हो? आज आधा उत्तर मिल्यो- स्त्रीजाति आफै।<br>(घ) बूढ़ीले सहन सकिनन्, आँखा चिम्ली दुई चड्कन दिएर घोक्र्याइन्। सुनचरीको टाउको एक दमसँग ढोकामा ठक्कर लाग्न पुग्यो...<br>(ङ) खत्रिनीराँकिएर आएर दुलहीलाई उफ्रँदै लुछन कुट्न थालिन्... | ५<br>८-९<br>१३<br>१३ |
| ५/३ क | (क) पट्टू- फेरी यस्तै त हो नि, अर्कोपट्टी पनि झन् छोरी छोरी भयो भने।<br>(ख) पट्टूको गहभरी गङ्गा उर्लेर आयो, आँखा माथि पल्टाई, जोड़ी, तैपनि आँसुको बाढ़ी बढ्दै गयो। कुनाको लहरी कोससम्म कोसको लहरी कुनासम्म टल्बल भइरह्यो, आखिर बररर दुइ चार थोपा गालाबाट गुड़िएर लुगामा फिजारियो।<br>(ग) पट्टू- 'मलाई त सबभन्दा तपाईंको माया लाग्छ।' | १२<br>१७ |

| | | |
|---|---|---|
| ६/२ ख | (क)त्यही बेलामा बलवीरकी छोरी पट्टूलाई सीता बज्यैले बोकेर ल्याइन्।<br>(ख) खत्रिनी- के भन्यो, के भन्यो?<br>बाहुनी- के भन्थ्यो अब! फेरी मैयाँ, भाउज्यूकहाँ गएर कुरा नगर्नोस् नि।<br>(ग) बाहुनीको यस कथामा लगभग ३३ पटकजति सीता बज्यै, बज्यै र बाहुनीजस्ता नाममा र उनीजस्ता सार्वनामिक पदको रूपमा पुनरावृत्ति भएको पाइन्छ। | ४<br><br>७-८<br><br><br>४-२४ |
| ७/७ क | (क) तीन वर्षपछि बलवीर बेलुकी आफ्नो कोठामा आठ महिनाको नातिनी खेलाइरहेका थिए।<br>(ख) ज्येष्ठामा परेकी भनेर नातिनीलाई बूढी दुई आँखाले देखिसहन्नथिन्।<br>(ग) सुनचरी- 'कति लाम्मो कुकुल, त्यो लिने?'<br>बलबीर- 'हा: अर्काको, लिनु हुँदैन।'<br>(घ) सुनचरी चकचक गरेर अरूको हातबाट खोसी खोसी काम गर्न लागेकी थिई। खत्रिनीले कतिचोटी 'नचलाऊ बा, पर बसन बा, कि जाऊ जीबा कहाँ' भन्दा भन्दै नटेरेर उफ्रिरहेकी थिई चिप्लेर लोटी, रातभर कुर्नुपर्ने बत्ती घोप्टाएर निभाइदिई। | ६<br>७<br><br>९<br><br><br><br>१३ |
| ८/१ ख | एकछिनपछि खत्री, खत्रिनी, पट्टू बसिरहेको ठाउँमा माहिली छोरी आएर सरासर बूढ़ाको काखमा बसी। | २० |
| ९/२ ग | क) सम्पूर्ण कथामा 'नोकर्नी' नामको केवल दईपटक मात्र पुनरावृत्ति भएको पाइन्छ।<br>ख) अन्य पुनरावृति पाइँदैन। | ३-२४ |
| १०/६ ख | (क) दिउँसो आज रघुवीर र कान्छी दुलही बसिरहेको ठाउँमा अकस्मात साहिंली छोरी आई।<br>(ख) बेलुकी रघुवीर र कान्छी दुलहीले खाने ठाउँमा जेठी दुलहीले एक एक ओटा कचौरा लगेर राखिदिई...। | २१ |
| ११/१ क | बाहुनीका देवर पण्डित आएर पूजा लाउन लागेका थिए। | १३ |
| १२/६ क | दुलही- बज्यैको खसम कहिले परलोक हुनुभएको?<br>बाहुनी- कैले हो कैले! आफू नौ वर्षकी थिएँ, लौ भनूँ भने पापी केटाको अनुहार पनि राम्रोसित देखेकी छैन। आफूलाई गोरो जस्तो लाग्छ, अरू कालो थियो भन्छन्। | ११ |
| १३/७ ख | एउटा सानो चिल्लो कालो कुकुरको घाँटीमा सुनौलो घुङ्ग्रा भएको पटार लागेको थियो, त्यसमा अल्झाएको सिक्री खाकी लाएको सयसले समातेको थियो। 'ओ ठिटा, यो कुकुर कसको?'<br>'जर्साबको' भन्दा नभन्दै सयसलाई कुकुरले हत्याएर लग्यो। | ९ |

## ३.२ तथ्याङ्कको विश्लेषण

उपर्युक्त पाठगत तथ्याङ्कको विश्लेषण गरी पात्रहरूको स्पष्ट परिचय यसरी दिन सकिन्छ–

तालिका ४. तथ्याङ्कको विश्लेषण

| पात्र | तथ्याङ्क | टिप्पणी | वर्ग |
|---|---|---|---|
| १ (सानी) | क) कथा पात्र सानीको परिचयबाट सुरु भएको,<br>ख) सानीको नाम वा सर्वनामको लगभग १३० पटकजति पुनरावृत्ति भएको,<br>ग) सानीद्वारा आत्महत्या गरिएपछि कथाको अन्त्यभएको। | सानीको परिचयबाट कथा सुरु तथा उनीद्वारा आत्यहत्या गरिएपछि कथा अन्त्य हुनु; कथाका सम्पूर्ण पात्रहरूभन्दा धेरै सानीको नामको पुनरावृत्ति हुनु | २ क (प्रमुख पात्र) |
| १ (सानी) | क) स्वास्नी मानिसहरू लोग्नेसित हार्दछन्,<br>ख) अबलाको कमजोरी ढक्ढुक्। | 'स्वास्नी मानिसहरू' जातिवाचक संज्ञा तथा अबलाजस्तावर्गात्मक शब्दको प्रयोग | ५ क (वर्गगत पात्र) |
| २ (रघुवीर) | क) स्वास्नीसित मिलेर खेल खेल्नु,<br>ख) स्वास्नीको छातीमा सिरान राखी रुँदै सुत्नु,<br>ग) स्वास्नीलाई 'बेइमान भने बेइमान सही' भन्नु,<br>घ) स्वास्नीलाई बौलाही ठान्नु,<br>ङ) स्वास्नीले दिएको कुरा दिगमिग मान्दै खानु। | समय तथा परिस्थितिअनुसार पात्रको परिवर्तित स्वभावको वर्णन | ४ क (गतिशील पात्र) |
| ३ (बलवीर) | क) नातिनीको रूप आफूपट्टि गएको मान्नु,<br>ख) नातिनीसँग खेल्नु, उसलाई माया गर्नु.<br>ग)छोराले अर्को बिहा नगरेको राम्रो मान्नु वा नगरोस् ठान्नु,<br>घ) नातिनीसँग भेट भएपछि बितेको वेलासम्झी अङ्कमाल गरी रुनु। | पात्रको सरल वा सोझोपनाको वर्णन; कथामा पात्रलाई आद्योपान्त एकदम सिधा एवम् सोझो चरित्रको देखाइनु; पात्रको एकनासे स्वभावको वर्णन | ४ ख (गतिहीन पात्र) |
| ४ (खत्रिनी) | क) रनक्क रिस उठ्नु,<br>ख) बुहारीसँग च्याट्टिनु, झन् रिसाएर बोल्नु,<br>ग) बुहारीद्वारा स्त्रीजातिको दुर्दशाको आधा कारण स्त्रीजाति नै हो भनी आफ्नी सासुपट्टि सङ्केत गर्नु<br>घ) नातिनीलाई चड्कन लगाउनु, ढोकामा ठक्कर खानेगरी घोक्र्याउनु,<br>ङ) बुहारीलाई रौँकिएर लुछन, कुट्न थाल्नु। | पात्रको नकारात्मक कार्य वा नराम्रो प्रवृत्तिको वर्णन | ३ ख (प्रतिकूल पात्र) |
| ५ (पट्टू) | क) दाजुको अर्को विवाह नहोस् भन्ने चाहनु,<br>ख) भाउज्यूको पीडा एवम् दुर्दशा देखेर गहभरि आँसु बनाउनु वा कसैको दु:खमा आफू पनि दु:खी बन्नु,<br>ग) दु:खी भाउज्यूलाई माया गर्नु। | पात्रको सकारात्मक कार्य एवम् प्रवृत्तिको वर्णन | ३ क (अनुकूल पात्र) |
| ६ (बाहुनी) | (क) र (ख) कहिले 'सीता बज्यै' त कहिले 'बाहुनी'को नाममा उपस्थित रही कथाको घटनालाई अघि बढाउन सहायक भूमिका निर्वाह गर्नु,<br>ख) कथामा लगभग ३३ पटकजति पात्रको नाम तथा सर्वनामको पुनरावृत्ति हुनु। | कथामापात्रकोकार्यगतभूमिकाको वर्णन; प्रमुख पात्र सानीको नामको पुनरावृत्तिभन्दा थोरै यद्यपि लगभग ३३पटकजति उनको नामको पुनरावृत्ति भएको वर्णन। | २ ख (सहायक पात्र) |
| ७ (सुनचरी) | क) पहिलो नातिनीका रूपमा जन्म लिनु,<br>ख) ज्येष्ठामा परेर बोज्यूले हेरी नसक्नु,<br>ग) कथाको संरचनामा बाँधिएर मात्र परिचित हुनु | कथाको मूल संरचनासँग पात्र सम्बन्धित रहेको; पात्रलाई कथागत | ७ क (बद्ध पात्र) |

| | | | |
|---|---|---|---|
| | घ) कथाको एउटा प्रमुख घटनातीजमा रातभर कुर्नुपर्ने, बत्ती निभाइदिने कारण बन्नु। | संरचनाबाट झिक्दा मूल संरचना बिथोलिने कुराको वर्णन | |
| ८ (माहिली छोरी) | माहिली छोरी/ सरासर आएर बुढाको काखमा बसी। | स्त्रीलिङ्गी संज्ञा 'माहिली छोरी' तथा स्त्रीलिङ्ग बोध गराउने क्रियापद 'बसी'को प्रयोग | १ ख (स्त्री पात्र) |
| ९ (नोकर्नी) | क) सम्पूर्ण कथामा पात्रको नामको केवल दुईपटक मात्र पुनरावृति हुनु,<br>ख) अन्य पुनरावृत्ति नहुनु | न्यून पुनरावृत्ति | २ ग (गौण पात्र) |
| १० (कान्छी दुलही) | क) दिउँसो आज रघुवीर र कान्छी दुलही बसिरहेको ठाउँमा साहिँली छोरी आई।<br>ख) बेलुकी रघुवीर र कान्छी दुलहीले खाने ठाउँमा जेठी दुलहीले कचौरा लगेर राखिदिई...। | तात्कालिक वा प्रत्यक्ष वर्णन | ६ ख (मञ्चीय पात्र) |
| ११ (बाहुनीको देवर) | बाहुनीका देवर पण्डित आएर पूजा लाउन लागेका थिए। | देवर, पण्डित जस्ता पुलिङ्गी नाम तथा 'लागेका थिए' पुलिङ्गी क्रियापदको प्रयोग | १ क (पुरुष पात्र) |
| १२ (बाहुनीको खसम) | बज्यैको खसम कहिले परलोक हुनुभएको?<br>बाहुनी- कैले हो कैले! आफू नौ वर्षकी थिएँ...गोरो जस्तो लाग्छ, अरू कालो थियो भन्छन्। | पूर्वकालिक वर्णन वा परोक्ष उपस्थितिको वर्णन | ६ क (नेपथ्य पात्र) |
| १३ (सयस) | एउटा सानो चिल्लो कालो कुकुर/ घाँटीमा सुनौलो घुङ्ग्रा भएको/खाकी लाएको सयसले समातेको थियो।<br>सयसलाई कुकुरले हत्याएर लग्यो। | स्वतन्त्र बुनोट/ पात्रलाई झिक्दा पनि कथाको मूल संरचना नबिथोलिने/ कथाको मूल संरचनामा नबाँधिएको पात्र | ७ क (मुक्त पात्र) |

माथि उल्लिखित विश्लेषणमा तथ्याङ्क, टिप्पणी र वर्ग अन्तर्गत पात्र र तिनका चरित्रहरूबारे तथ्यहरू प्रस्तुत गरिएका छन्।

## ३ निष्कर्ष

बालकृष्ण समको 'शरण' कथा प्रमुख पात्रा सानीको कारुणिक जीवन भोगाइ एवम् दयनीय अन्त्य भएको कथावस्तुमा आधारित छ। पात्रा सानीको जीवनमा आधारित रहे तापनि घटनालाई अघि बढाउन कथाकारले साना ठुला गरी जम्मा १७ जना अन्य पात्रहरूलाई पनि यस कथामा स्थान दिएका छन्। कुनै कृति वा कथाका पात्रहरूको स्पष्ट परिचय तथा तिनका भूमिका लगायत कथाकारको चरित्र चित्रण सम्बन्धी विशेषताको वैज्ञानिक ढङ्गमा अध्ययन विश्लेषण गर्न पात्रको शैली वैज्ञानिक वर्गीकरणले विशेष सहायता गर्दछ। त्यसर्थ यहाँ यस कथाका जम्मा १३ जना पात्रहरूलाई विभिन्नताका आधारमा चयन गरी अध्ययन गरिने प्रयास गरिएको छ। यस अध्ययनबाट कथाका पात्रहरूको परिचय एवम् भूमिकाबारे जानकारी प्राप्त भएको छ। यसका साथै कथाकारको चरित्र चित्रण सम्बन्धी विशेषताबारे पनि जानकारी प्राप्त भएको छ। यस अध्ययनबाट प्राप्त तथ्यलाई बुँदागत रूपमा तल प्रस्तुत गरिन्छ -

- यस कथामा पुरुष पात्रहरूभन्दा स्त्री पात्रहरू धेरै प्रयोग भएका छन्।
- प्रमुख पात्रा सानी लगायत रघुवीर, बलवीर, खत्रिनी, पट्टू, बाहुनी, सुनचरीजस्ता सहायक पात्र तथा कान्छी छोरी, कान्छी दुलही, नोकर्नी जस्ता गौण पात्रहरूको पनि प्रयोग पाइन्छ।

- बलवीर, पट्टू, सुनचरी जस्ता अनुकूल पात्रहरूसँगै खत्रिनीजस्ता प्रतिकूल पात्रको पनि उपस्थिति पाइन्छ।
- सानी, बलवीर, पट्टूजस्ता गतिहीन पात्रहरूसँगै रघुवीर, खत्रिनी जस्ता गतिशील पात्रहरूको पनि प्रयोग पाइन्छ।
- कथामा मूल रूपमा व्यक्तिगत जीवनभन्दा वर्गीय जीवनको प्रतिनिधित्व गर्ने पात्रहरूको प्रयोग पाइन्छ।
- बाहुनीको खसम, दुलहीकी आमा, दुलहीकी बज्यै, जर्साब, जैसी जस्ता नेपथ्य पात्रहरूको पनि प्रयोग पाइन्छ।
- सयस र जर्साब जस्ता मुक्त पात्रहरूको पनि प्रयोग पाइन्छ।

## सन्दर्भ

१ नेपाल घनश्याम, इ सं २००५, **आख्यानका कुरा**, दोस्रो संस्करण, सिलगडी, एकता बुक हाउस प्रा लि

२ पराजुली कृष्णप्रसाद र अन्य (सम्पा), वि सं २०४०, **नेपाली बृहत् शब्दकोश**, काठमाडौँ, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

३ शर्मा मोहनराज, वि सं २०४८, **शैली विज्ञान**, काठमाडौँ, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

४ ज्ञवाली सूर्यविक्रम (सम्पा), इ सं २०००, **कथा-कुसुम**, १८औँ संस्करण, दार्जिलिङ, नेपाली साहित्य सम्मेलन